# टावरगानिक्स: खेती गर्ने रमाइलो र सजिलो तरिका*

परिचय: सहभागीहरूले बोध पाठ्यांश पढेर ठाडो खेतीको बारेमा धेरै कुरा सिक्न सक्षम हुनेछन्। अन्त्यमा, तिनीहरूले उक्त पाठ्यांशबाट सोधिएका प्रश्नहरूको जवाफ दिन सक्षम हुनेछन्।

## जलवायु परिवर्तन गतिविधिहरू

### समय

३० मिनेट

### कठिनाई

मध्यम

### मानव संसाधन:

कलम, कागज, रङ्गहरू (ऐच्छिक)

*यो गतिविधि टावरगानिक्स असीमित परियोजनामा जोडिएको सिकाइको निरन्तरताको रूपमा सिर्जना गरिएको थियो।

**चरण १**

- शिक्षक वा एक अग्रजको पर्यवेक्षणमा, यी चरणहरू पछ्याउन सकिन्छ

**चरण २**

- बोध पाठ्यांश र प्रश्नहरू कागजमा प्रिन्ट गर्नुहोस् र विद्यार्थीहरूलाई वितरण गर्नुहोस्

**चरण ३**

- परीक्षा निश्चित समयमा सुरु गर्नुहोस्

**चरण ४**

- परीक्षाको समयमा छलफलहरू गर्न नदिनुहोस्

**चरण ५**

- परीक्षाको समय समाप्त भएपछि उत्तरपुस्तिका फिर्ता लिनुहोस्

**चरण ६**

- उत्तरपुस्तिकाहरूको मूल्याङ्कन गर्नुहोस् र विद्यार्थीहरूले कक्षाकोठामा बनाएका चित्रहरू प्रदर्शन गर्नुहोस्



# टावरगानिक्स: खेती गर्ने रमाइलो र सजिलो तरिका*

परिचय: सहभागीहरूले बोध पाठ्यांश पढेर ठाडो खेतीको बारेमा धेरै कुरा सिक्न सक्षम हुनेछन्। अन्त्यमा, तिनीहरूले उक्त पाठ्यांशबाट सोधिएका प्रश्नहरूको जवाफ दिन सक्षम हुनेछन्।

## टावरगानिक्स: खेती गर्ने रमाइलो र सजिलो तरिका

दक्षिण एसियाको विकासोन्मुख राष्ट्र नेपालमा सक्रिय तत्व थाहा नपाएरै बारम्बार र लापरवाहीपूर्वक ८५ प्रतिशतभन्दा बढी आयातित किटनाशकहरू तरकारीहरूमा प्रयोग गरिन्छन्। (शर्मा et. al., २०१५) सहरमा बसोबास गर्ने मानिस सयौँ किलोमिटर टाढाबाट ढुवानी गरिने बासी र रसायनले भरिएको तरकारी उपभोग गर्न बाध्य छन्।
तपाईंको घरमा पहिलेदेखि नै उपलब्ध स्थानहरूमा आफैँले जडिबुटी र तरकारीहरू उब्जाउनु भनेको तपाईंको परिवारको लागि ताजा, जैविक, स्वस्थ र किफायती उत्पादनमा पहुँच हुनु हो। टावरगानिक्स २१औं शताब्दीको प्राविधिक रूपले मनासीब आविष्कार हो जसले शून्य माटो, शून्य किटनाशकहरू, खेती गर्ने परम्परागत तरिकाहरू भन्दा ९०% कम पानी प्रयोग गर्दछ र माटोमा भन्दा ३ गुणा छिटो तरकारीहरू उत्पादन गर्दछ। यसले एरोपोनिक्सको सिद्धान्तमा काम गर्दछ जसको अर्थ 'हावामा काम गर्नु' भन्ने हुन्छ। बिरुवाहरू हावामा झुन्डिन्छन् अनि पम्पले पानी र पोषण तत्वहरूलाई माथितिर लैजान्छ र झुलिरहेका जराहरूमा पार्छ। सहरमा बसोबास गर्ने मानिसहरूले यो आविष्कार प्रयोग गरेर आफ्नै जैविक जडिबुटीहरू र तरकारीहरू उत्पादन गर्न सक्छन् जुन सजिलो छ र एउटा स्विच थिचेको भरमा सञ्चालन हुन्छ। हो, तपाईंले ठीक पढ्नुभयो! एउटा स्विच थिचेको भरमा खेतीलाई सधैँ ऊर्जावान कामको रूपमा लिइन्छ। जब तपाईंलाई एक किसानको कल्पना गर्न भनिन्छ, म बाजी राख्छु तपाईं टोपी र ओभरल लगाएको, बिरुवा वा त्यस्तै केही चीज लिएर माटोतिर झुकिरहेको व्यक्तिको कल्पना गर्नुहुन्छ। यद्यपि टावरगानिक्स मार्फत तपाईं कृषक पनि बन्न सक्नुहुन्छ। साँच्चै, एउटा आधुनिक कृषक!

## प्रश्नहरू

- टावरगानिक्सले कुन सिद्धान्त अनुसार काम गर्दछ?
- टावरगानिक्स प्रयोग गरेर के के उत्पादन गर्न सकिन्छ?
- माटोमा खेती गर्नुको तुलनामा टावरगानिक्स प्रयोग गरी खेती गर्नुका फाइदाहरू के के छन्?
- किटनाशकहरू भन्नाले तपाईं के बुझ्नुहुन्छ?
- तपाईंलाई मनपर्ने तरकारी टावरगानिक्स विधिमा फलिरहेको एउटा चित्र कोर्नुहोस्, त्यसको तस्विर लिनुहोस् र towerganics@gmail.com मा मेल गर्नुहोस् (हामी तपाईंको तस्बिरहरू हेर्न पर्खिरहेका छौँ।)

